हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १८९ पृष्ठ : ४ २०७७ माघ २७ गते मंगलबार (Tuesday 09 February 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टस सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।

• बालबालिकासँग प्रधानमन्त्री कार्यक्रम •

## नेपाल स्काउटद्वारा सिरहामा बालबालिकालाई सामग्री वितरण

**बद्री नारायण यादव**



सिरहा । बालबालिकासँग प्रधानमन्त्री कार्यक्रम अन्तर्गत सिरहामा नेपाल स्काउट कमिटि प्रदेश नं. २ को आयोजनामा विभिन्न विद्यालयमा अध्ययनरत छात्र/छात्राहरूलाई सामग्री वितरण गरिएको छ ।

महिला, बालबालिका र खेल क्षेत्रमा योगदान पुऱ्याएर सरकारले लिने गरेको लक्ष्य पूरा गर्न सहयात्रीको काम गर्ने विभिन्न संस्थाहरू मध्ये नेपाल स्काउटको महत्वपूर्ण स्थान रहि आएको सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण कुमार निरौलाले बताए ।

देशभरको सबै भेगका बासिन्दालाई चौतर्फी विकास गराउने साझा अवधारणा बोकेको संस्थाको रूपमा पहिचान बनाउन सफल नेपाल स्काउट केही कारणले ओझेलमा पर्दै आएको बताउदै उनले भने, 'यो संस्थालाई काम गर्ने अवसर दियो भने ग्रामीण भेगका बासिन्दाहरूले धेरै भन्दा धेरै लाभ उठाउन सक्ने छन् ।' उनका अनुसार नेपाल स्काउटको जिल्ला जिल्लामा आफनै फरक पकड रही आएको छ । नेपाल बाल संगठन सिरहाका अध्यक्ष तथा नेपाल स्काउट प्रदेश नं. २ कमिटिका सदस्य दिनेश कुमार यादवले संस्थाले पहिला बनाएको

बाँकी ३ पेजमा

## भिभो वाई १२ एसको प्रि-बुकिङ्ग अफर अब लहानमा

**फिरोज शेख**




लहान । भिभो नेपालले सुनिल सप्लायर्सका संचालक सुनिल साह ,पुर्वाञ्चल सेल्स वाई १२ एस मोबाइलको सिरहाको लहानमा सोमबार पत्रकार तथा मोबाइल विक्रेताहरूको उपस्तिथीमा बिक्री बितरण शुभारम्भ गरेका छन् । भिभो मोबाइलका सिरहा डिलर म्यानेजर निमेष घिमिरे र सगरमाथा अञ्चल सेल्स म्यानेजर उमेश श्रेष्ठले लहान क्षेत्रका मोबाइल विक्रेता, संचारकर्मीहरूको उपस्तिथिमा

बाँकी ४ पेजमा

सूचना ! सूचना !! सूचना !!!

MASSEY FERGUSON

**मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा**



रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट ।

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।

गिफ्ट किसिम :-
- a) Led TV-24"
- b) Fridge - 170 Ltr.
- c) Leveller



हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान :- **रत्ना ओटो** पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

**श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.**

लहान न.पा.-३, सिरहा

### कर्मचारी आवश्यकता

यस श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. केन्द्रीय कार्यालय लहान-३, सिरहालाई तपसिल बमोजिमका कर्मचारी आवश्यक भएको हुँदा योग्य सक्षम दक्ष अनुभवी व्यक्तिहरुले नागरिकता प्रमाण-पत्रको फोटोकपी सहित आ-आफ्नो योग्यताको प्रमाण-पत्र, बायोडाटा, पासपोर्ट साईजको फोटो २ प्रति सहित लिखित निवेदन मिति २०७७।११।०५ गते भित्र संस्थाको कार्यालय लहान-३ मा दरखास्त फर्म भर्न आव्हान गरिएको छ ।

**तपसील**

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | कार्यालय सहायक (चौंथो तह) | १ | (क) १२ कक्षा उत्तीर्ण वाणिज्य संकायमा ।<br>(ख) कम्प्यूटर सम्बन्धी ३ महिनाको तालिम प्राप्त गरेको ।<br>(ग) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |
| २. | बजार प्रतिनिधि (तेस्रो तह) | केही | (क) SEE उत्तीर्ण भएको ।<br>(ख) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |

नोटः- स्थानीयलाई विशेष ग्राहयता दिनेछ ।
छनौट प्रकृया सम्पर्क मितिमा जानकारी गराईनेछ ।
सम्पर्क मिति : २०७७।११।०६ गते विहीबार ।

कर्मचारी भर्ना उप-समिति संयोजक

सम्पर्क नं. ९८४२८४०१३७, ९८०१५३२२२५, ९८०७७४३२८३




**बगैंचा सहितको जग्गा बिक्रीमा**

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।

सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०




**फ्रेन्डस मोडेल हस्पिटल, लहान-४**

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# दिगो विकास लक्ष्य प्रगति, गरिबी घटे पनि भ्रष्टाचार घटेन

**सोमराज पौडेल**

राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य प्रगति समीक्षा २०१६-२०१९ प्रतिवेदन र दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका २०२० सार्वजनिक गरेको छ । आइतबार एक कार्यक्रमबीच आयोगका उपाध्यक्ष तथा दिगो विकास लक्ष्य कार्यान्वयन तथा अनुगमन समितिका अध्यक्ष प्राडा. पुष्पराज कँडेल तथा राष्ट्रियसभा विधायन समिति सदस्य डा. विमला राई पौड्यालले संयुक्तरुपमा सार्वजनिक गरेका हुन ।

उपाध्यक्ष कँडेलले सन् २०१९ सम्मको प्रगति मिश्रित रहेको र बाँकी लक्ष्य हासिल गर्न सरकारले 'सम्पूर्ण समाज' अवधारणाअनुरुप सबै क्षेत्रको स्वामित्वमा कार्यान्वयन गर्ने, विकास तथा आयोजना व्यवस्थापनमा रहेका कमी कमजोरी सुधारका लागि प्रोजेक्ट बैंकको व्यवस्थालाई प्रदेश र स्थानीय तहसम्म पुऱ्याउने र सन् २०२२ सम्ममा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने लक्ष्य पूरा गर्न प्रयासरत रहेको बताए ।

प्रगति प्रतिवेदनमा नेपालले सन् २०१६ देखि २०१९ सम्ममा दिगो विकास लक्ष्य कार्यान्वयनका क्रममा लागू गरेका नीति, रणनीति तथा कार्यक्रम र त्यसबाट प्राप्त परिणामका बारेमा उल्लेख छ । प्रतिवेदनमा १६९ परिमाणात्मक लक्ष्य तथा नेपालले निर्धारण गरेका ४७९ सूचकको २०१५ को आधारभूत तथ्यांकका आधारमा सन् २०१९ सम्मको प्रगति समेटिएको छ । प्रतिवेदनले सामाजिक आर्थिक विकासका सूक्ष्म तथा बृहत्तर अवयवको विश्लेषण गरी दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक नीतिगत वातावरण तयार गर्दै सही दिशामा अगाडि बढिरहेको औंल्याएको छ ।

प्रतिवेदनमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन गर्दा हालसम्म हासिल गरेका उपलब्धिलाई लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचकअनुसार विस्तृतरुपमा प्रस्तुत गरिएको छ । जसअनुसार नेपालले दिगो विकास लक्ष्यको पहिलो लक्ष्य गरिबी निवारण तथा असमानता घटाउनेमा निकै राम्रो प्रगति गरेको देखिएको छ । नेपालको राष्ट्रिय गरिबी १८.६ प्रतिशतमा र बहुआयामिक गरिबी २८.६ प्रतिशतमा झरेको छ तर उद्योग, पूर्वाधार तथा नव-प्रवर्तन, उत्पादन तथा वितरणका लक्ष्यमा अपेक्षाअनुसार प्रगति भएको छैन । प्रतिवेदनअनुसार वास्तविक कुल गार्हस्थ उत्पादन वृद्धि ५.६ प्रतिशत रहेको छ र यसमा कुल जनसंख्याको तल्लो ४० प्रतिशतको उपभोग र आम्दानीको अनुपात पनि बढेको छ । त्यस्तै, नेपालको खाद्य सुरक्षा सूचकांक ४६ रहेको छ, जुन बालबालिकाको पुड्कोपन, कम तौल, रक्तअल्पता र खाद्य उत्पादनमा भएको कमीमा आधारित रहेको छ । तर मातृ मृत्युदर भने अझै पनि उच्च नै रहेको छ । शिक्षातर्फ प्राथमिक तहमा भर्नादर ९७.२ प्रतिशत पुगेको छ भने प्राथमिक तह पूरा गर्ने विद्यार्थीको संख्या ८९.५ प्रतिशत रहेको छ ।

महिला सशक्तिकरणका क्षेत्रमा नेपालले राम्रो सुधार गरे पनि समान कामका लागि ज्यालाको असमानता, बालबिबाह तथा महिला हिंसाका घटना उल्लेख्य रहेको छ । यस अवधिमा कुल जनसंख्याको ८८ प्रतिशत आधारभूत खानेपानीमा र २१ प्रतिशतको सुरक्षित खानेपानी एवं ८५ प्रतिशतको शौचालयमा पहुँच पुगेको छ , जुन २०१५ को तुलनामा उल्लेख्य सुधार हो । ऊर्जातर्फ कुल १ हजार २ सय ५० मेगावाट जलबिद्युत उत्पादन भै ८८ प्रतिशत जनसंख्या लाभान्वित भएका छन् ।

जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका लागि ६८ स्थानीय तह र ३ सय ४२ सामुदायिक तहका अनुकूलन योजना कार्यान्वयनमा रहेका छन् भने वन जंगलको क्षेत्र बढेर ४४.७ प्रतिशत पुगेको छ । समग्रमा जनताको प्रशासनिक सेवामा पहुँच वृद्धि भए पनि जवाफदेहीता, पारदर्शिता तथा भ्रष्टाचार सूचकमा खासै सुधार देखिएको छैन । प्रतिवेदनले कोरोनाका कारण शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा परेका नकारात्मक असरले नेपालले अहिलेसम्म हासिल गरेका उपलब्धि गुम्न सक्ने तथा आगामी वर्षका लागि लक्षित गरेका परिणाम हासिल गर्न चुनौती हुने जनाएको छ ।

कार्यक्रममा विभिन्न मन्त्रालयका पदाधिकारी, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ प्रतिनिधि, संयुक्त राष्ट्रसंघीय निकायका प्रतिनिधि, निजी क्षेत्र, सहकारी क्षेत्र तथा राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थालगायतका प्रतिनिधिको सहभागिता रहेको आयोगका सदस्य तथा प्रवक्ता मीनबहादुर शाहीले जानकारी दिए ।

# नेताहरूको 'शक्ति' प्रदर्शन र कार्यकर्ताहरूको 'भक्ति' प्रदर्शन कहिलेसम्म ?

**शुभद्रा थापा भण्डारी**

बाल-मस्तिष्कमा लामो समयसम्म बम, बारूद र गोलीसँग खेलिने गृहयुद्धको चस्का




पस्यो । देशमा शान्ति र सुव्यवस्थाको परिकल्पनामा हजारौं नेपालीहरूले बलिदान दिए । अन्तत : २०६२ र ६३ को जनआन्दोलन र जनयुद्धको शान्तिपूर्ण अवतरणपश्चात् देशमा जनताको शासन व्यवस्था आउला भन्ने झिनो आशासँगै रून्चे हाँसोमा मुस्कुराएका जनताहरु देशमा लोकतन्त्र स्थापनाको १४ वर्षे लामो इतिहाससम्म पनि दिल खोलेर हाँस्न सकेका छैनन् ।

लोकतन्त्रको उदयपश्चात् पनि रोग, भोक र शोकमा देश छट्पटाइरह्यो । अपेक्षा गरेका कयौं आशाका दियो बल्नै नपाई निभे । जनयुद्ध व्यवस्थापनमै वर्षौं लाग्यो । जनयुद्धका योजनाकारले नै सत्ताको बागडोर सम्हाल्दासमेत आफ्ना पूर्वयोजना चटक्कै बिर्सिए । जनतासामु गरेका कयौं वाचा कसमहरूको बलात्कार भयो । जनताको शासन भाषणमा मात्र सीमित रह्यो । देशमा रोजगारीका लागि भौंतारिंदा-भौंतारिंदा थकित शरीर र निराश मन लिएर लोकतन्त्रको उदयपश्चात् लाखौं युवा वैदेशिक रोजगारीमा होमिए । हजारौं आमा साना-साना लालाबालाहरूलाई छोडेर परदेशिन विवश भए । तिनै हजारौं आमाहरूलाई पछ्याउँदै उज्ज्वल भविष्यको खोजीमा यो लेखक आफू पनि वैदेशिक रोजगारीमा होमिन बाध्य भयो । काखे नानीहरूलाई छोडेर परदेश पस्दाको पीडा ती आमाहरूलाई मात्र थाहा हुन्छ, जोसँग तीतो भोगाइ र नमीठो वास्तविकता छ । जेल सजाय भोगेको कैदीलेझैं वैदेशिक यात्रामा कैद भोगिरहेका लाखौं युवाहरूको तीतो अनुभव, दिनदिनै कफिनमा फर्किने शव अनि मानसिक र शारीरिक यातना सहन नसकेर गरिएका आत्महत्याका घटनाहरु, अरब खाडी मुलुकमा पुगेकी नेपाली चेलीको चीत्कार, कारूणिक र हृदयविदारक घटनाहरूले कहिल्यै हाम्रा नेताहरूको मन छोएन ।

फलस्वरुप, आजसम्म कुनै पार्टीको नेता या मन्त्रीले कठिनपूर्ण वैदेशिक रोजगारी बन्द गराउन सकेनन् ? भविष्यको सुनौलो सपना बोकेर परदेशिएको छोरोको शव महिनौंसम्म नपाउँदाको पीडा कस्तो हुन्छ भन्ने कुनै नेताज्यूहरूसँग अनुभव छ होला ? उपचार नपाएर गरिब छटपटाउँदा, पेट भर्न नसकेर निमुखाहरूले आत्महत्या गर्दा, बुढेसकालमा अपहेलित भएर वृद्धवृद्धाहरु आँसुमा डुबुल्की मार्दै वृद्धाश्रमको खोजीमा भौंतारिंदा, विकटबस्तीका नागरिकका छोराछोरीहरु शिक्षाबाट वञ्चित हुँदा, प्रसव वेदनामा छट्पटाउँदै महिलाहरूले ज्यान गुमाउँदा, परदेश गएका युवाहरु दिनहुँ कफिनमा फर्किंदा आफ्नो न्यायका लागि भौंतारिंदै चिच्याइरहेका नागरिक पनि नेपालबन्द र सडक आन्दोलन गर्न चाहन्थे होलान् । तर, उनीहरूको आँसुको मूल्य किन कसैले बुझेनन् र साथ दिएनन् ।

आम नेपाली युवाहरूको सोचमा पनि समस्या छ । होइन भने नेताको निर्देशनमा जेसुकै गर्न तयार युवाहरु, आफ्नै अभिभावक र गाउँका निमुखाहरूको दु:खमा किन मल्हमपट्टी लगाउन सक्दैनन् ? मानवीयतालाई बिर्सेर राजनैतिक पूर्वाग्रहले हेरिन्छ, समाजका निमुखा गरिब बेसहाराहरुमाथि, आखिर यस्तै सोचले देशमा आमूल परिवर्तन दिन सक्ला ? देशमा महँगीले झन् आकाश चुलियो, भ्रष्टाचारले रेकर्ड राख्यो अनि हत्या, हिंसा र बलात्कारका घटनाहरूले आम जनमानसमा त्रास छरिरह्यो । भ्रष्टाचार र बेतिथिका काण्डहरु छरपस्ट छरिंदा कुनै सरकारले पनि नियन्त्रण गर्न नसकेको दृश्यहरु हेरेर प्रवासमा छटपटाउँदै हरेक महिना देशमा रेमिट्यान्स भित्र्याउने लाखौं युवाहरूलाई सम्बोधन गर्न सक्ने एउटै नेता पाउन नसकेको अनुभूत भइरहेछ । हरेक दसैं-तिहारमा बूढा बा-आमा र कलिला छोराछोरीहरूलाई अर्को दसैंमा फर्किने झुटो आश्वासन दिँदै वैदेशिक यात्रा लम्ब्याउन विवश लाखौं युवाहरूले प्रवासमा सिकेको सीप र ज्ञानको सही सदुपयोग गराउन सक्ने एउटा जिम्मेवार नेताको उदय हुने हो भने लाखौं युवा आफ्नो मातृभूमि फर्किन चाहन्छन् । दुई तिहाइको सरकार बनेपश्चात् पलाएका आशाका किरण पाँच वर्ष नबित्दै निराशामा परिणत गर्ने कम्युनिस्ट नेताहरु आफैंले बनाएको जिउँदो संविधानको मलामी गइरहँदा, कुर्सीमोह र गुट-उपगुटमा लिप्त प्रतिपक्ष पनि निदाएको नाटक गरी कुर्सीको लोभमा तमासा हेरेर मौन बसिरहेको आभास हुन्छ ।

दुई तिहाइको सरकार हुँदा आफ्नै पार्टीको झगडामा संसद् विघटन गर्ने र सडकमा शक्ति प्रदर्शन गर्ने देश र पार्टी कुन हो भनेर सायद इतिहासमा, हाजिरी जवाफ प्रतियोगिताका लागि विश्वले एउटा प्रश्न सुरक्षित गर्ला । २०६२ र ६३ को जनआन्दोलनमा साक्षी बसेका सडक आज फेरि सोच्दै होलान् । यति ठूलो विश्वासघात, आफ्नै संविधानको बलात्कार अनि उही पुरानै वा हजुरबाहरूको चमत्कारहरु पुरानै शैली र सडकमै फेरि किन दोहोरियो ? आफ्नै कुर्सी जोगाउन फेरि किन मलाई नै उपयोग गर्यौ ?

गरिब निमुखा जनताहरूलाई झुटो प्रलोभन देखाएर फेरि किन शक्ति प्रदर्शन गर्दैछौ ? बन्द र आन्दोलनको मारमा चेपिएका बस्तीबस्तीका गल्ली भन्दै होलान् । जनताका लागि कहिल्यै सडकमा नओर्लिएका नेताहरु आफ्नै पार्टीभित्रको किचलो मिलाउन नसकेर बन्दको बहानामा देशलाई किन बन्धकी बनाउँदै छौ ?

जनताका सपना भ्रुण नहुँदै तुहिँदा अपरिचित सडक नेताका सपनाहरुमा ठेस लाग्दा मात्र किन परिचित हुन पुग्छन् ? किन नेपाली जनता र नेपाली नेतामा यत्रो भिन्नता छ ? होइन भने अहिले सडक तताउने नेताहरु ३३ किलो सुन, वाइडबडी, एनसेल, ओम्नी, बालुवाटार काण्डहरुमा किन बोलेनन्, किन सडकमा ओर्लिएनन् ? भ्रष्टाचारीलाई कसले संरक्षण दियो ? के जनताको शासन भनिएको लोकतन्त्रमा जन्मिएको नेपालको संविधानमा यो सब छुट छ ? त्रहोइन भने पलपलमा संविधानको उल्लंघन सत्ताधारीहरूले नै गरिरहेका छन् । प्रधानमन्त्रीको असंवैधानिक कदमको सर्वत्र विरोधको क्रममा एउटा श्रमजीवीको ट्याक्सी जलाइनु, निमुखा महिलामाथि तातो तेल खन्याइनु



कत्तिको संवैधानिक छ ? के राजनीतिक दलको कार्यकर्ताहरुलाई देशको प्रधानमन्त्रीसँग जोडेर राष्ट्रप्रमुखको चरित्र हत्या गर्ने अधिकार छ ? 'विद्या तेरो सिन्दुर खोई, केपी ओली तेरो पोइ'जस्ता नाराहरूले देशको भविष्य कता जाँदै छ भन्ने गम्भीर प्रश्न खडा गर्छ । आफ्ना कार्यकर्ताहरूबाट गल्ती भएकामा विरोधसभाको आयोजकले आम माफी माग्नु पर्दैन ? विश्वका प्रमुख सहरहरु कोरोना कहरको लकडाउन थुनिंदा नेपालको राजधानी सडक आन्दोलनमा तातेको दृश्यहरूले महामारीलाई चुनौती दिइरहेको देखिन्छ । एकातिर कोरोनाको उपचार गर्ने र भ्याक्सिन किन्ने पैसा नभएको सरकार चुनाव गराउन तयार छ भने अर्कोतिर देश संकटमा पर्दा सुक्को ननिकाल्ने नेताहरु आन्दोलनका लागि लाग्ने खर्च कसरी सजिलै जोहो गर्छन् ?

आ-आफ्नो गुटको शक्ति प्रदर्शनको क्रममा विरोध जुलुस, राँके जुलुस, सडक आन्दोलन अनि एउटै पार्टीको झण्डा र सूर्य चिन्ह बोकेर तमासा देखाइरहँदा हाम्रा नेताज्यूहरूले हिजो गरेको विकसित राष्ट्रहरूको भ्रमणको दृश्यहरूले कसैलाई किन झक्झक्याएन ? आफैंले गरेका सिंगापुर र स्वीजरल्याल्डवाला भाषणहरु चटक्कै बिर्से होलान् ? सत्ताको स्वाद चाखेका नेताहरु आफ्नै सपनाको मलामी मात्र गएनन् । हिजो जनतालाई दिएको झुटो आश्वासनको दिउँसै राके जुलुस गरेर दाहसंस्कार पनि गरे अनि सडकमा बसेर किरिया गर्दै शाकाहारी भोजन सेवन गरे । गाउँगाउँबाट भाडाका मान्छेहरु ल्याएर शक्तिप्रदर्शन गर्दैगर्दा विकसित राष्ट्रहरु भ्रमण बनेको हो ? नेताहरूले अपनाएका आन्दोलनको अर्को शैली बन्द र हड्ताल । बिहान-बेलुका ज्याला मजदुरी गरेर साँझ छाक टार्ने गरिब निमुखाहरूलाई बन्दमा बन्धकी बनाएर, कतै तातो तेल

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहला । नयाँ व्यक्तिसंग भेटघाट हुनेछ । छोटो दुरीको लाभदायक यात्रा पनि रहला ।

**वृष** :- आफ्नो विचार विपरित निर्णय हुनसक्छ । गरेका काममा ढिलासुस्ती हुनेछ । साझेदारीको काममा उल्झन आउने र प्रेममा दूरी समेत आउन सक्छ ।

**मिथुन**:- व्यवसायको सन्दर्भमा आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । साथीभाईसंग समय बित्नेछ ।

**कर्कट** :- विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ ।

**सिंह**:- बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । नसोचेको ठाउँबाट धनागम हुनेछ । मनोरञ्जनमा सहभागीता भइएला । आर्थिक कारोवारमा सफलता पाइएला ।

**कन्या** :- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । शिक्षामा सफलता मिल्नेछ । महत्वपूर्ण कामको थालनी हुनेछ ।

**तुला** :- कला, सङ्गीतमा रूचि बढ्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । घर, जग्गाको कारोबारमा सफलता मिल्नेछ ।

**वृश्चिक** :- राजनीतिक कार्यमा ख्याती कमाउने योग छ । सन्तान सुख मिल्नेछ । व्यापार व्यवसायमा वृद्धि हुनुका साथै आम्दानीका स्रोतपनि बढ्नेछन् ।

**धनु** :- आज मनमा शान्ति र अनुहारमा कान्ति छाउने छ । समाजसेवामा मन लाग्नेछ । शत्रु पराजित हुने छन् । बित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

**मकर**:- आज सहकर्मीबाट विरोध आउला । गलत निर्णय लिन पुगिएला । चोटपटकको भयछ सचेत रहनुहोला । यात्रामा मालसामान हराउन सक्छ ।

**कुम्भ**:- आज नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । रोकिएको धन हात पर्ला । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ ।

**मिन** :- शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । पार्टी तथा सेमिनारमा सहभागी भईएला । प्रयत्न गरे फाइदा लिन सकिनेछ ।

# 'दलित सशक्तीकरण ऐन चाडै कार्यान्वयन हुन्छ': समाजिक विकास मन्त्री साह

**सप्तरी ।** प्रदेश नम्बर २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले प्रदेश सरकारले ल्याएको दलित सशक्तीकरण ऐन कार्यान्वयनको अन्तिम चरणमा रहेको बताएका छ्न ।

दलित सरोकार मंच नेपाल सप्तरीद्वारा सोमबार सप्तरीको महुलीमा आयोजित दलित सशक्तीकरण ऐन कार्यान्वयन अवस्था, चुनौती र अवसर विषयक दलित अगुवासंग अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री साहले दलित सशक्तिकरण कार्यान्वयनका लागि व्यवस्था गरिएको समितिहरूमा चाडै नियुक्ती गर्न लागेको बताए ।

कार्यक्रमको प्रमुख अथितिका रूपमा बोल्दै मन्त्री साहले दलित समुदायको हक अधिकार सुनिश्चितताको लागि प्रदेश २ सरकारले दलित सशक्तीकरण ऐन ल्याएको बताए । 'दलित अगुवा तथा विज्ञहरूसंग पटकपटक छ्लफल गरेर ऐन बनाएका हौं' मन्त्री साहले भने, 'ऐन कार्यान्वयन चरणमा छ ।'

दलित सशक्तिकरण ऐनमा दलित समुदायका शिक्षा, स्वास्थ्य, रोजगार, आरक्षण सहितका धेरै सुविधाको व्यवस्था हामीले गरेका छौ,' मन्त्री साहले भने, 'चाँडै समितिहरू गठन गरेर ऐन कार्यान्वयनमा ल्याउन म प्रतिबद्ध छु।' कर्मचारी अभावले काम गर्न केही कठिनाई हुने गरेको बताउँदै मन्त्री साहले दलित अधिकार सुनिश्चितताका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको प्रष्ट पारे । प्रदेश २ सरकार उत्पीडित जाती समुदायको प्रतिनिधि गर्ने सरकार रहेको दाबी गर्दै मन्त्री साहले ऐन कार्यान्वयनमा आएपछि दलित माथी हुने सबै प्रकारको भेदभाव समाप्त हुने उल्लेख गरे ।




दलित समुदायको उत्थानका लागि प्रदेश २ सरकारले महत्वपूर्ण कामहरू गरेको चर्चा गर्दै मन्त्री साहले आफ्नो संसदीय कोष र मन्त्रालय समेतले दलित समुदायको हकमा बजेटलाई प्रथामिकतामा राखेको बताए । मन्त्री साहले हाल नेपाल देश विना संविधान चलिरहेको बताएका छ्न । केन्द्र सरकारको बलमिचाईले संविधानको बर्खिलाप भएको बताउदै मन्त्री साहले भने, 'हामी बिना संविधानको शासन व्यवस्थामा छौ ।'

प्रधानमन्त्री ओलीको एक क्षत्रीय तानाशाही शासन व्यवस्थाले प्रतिगामी शक्तिलाई बल पुगेको भन्दै मन्त्री साहले गैरसंवैधानिक कदमको सबै मिलेर प्रतिरोध गर्नुपर्नेमा जोड दिए । जनता समाजवादी दलित संघका संयोजक श्याम सरदारले दलित सशक्तीकरण ऐन ल्याएको भन्दै प्रदेश सरकारलाई धन्यवाद व्यक्त गरे । उनले सातवटा प्रदेश मध्ये छवटा प्रदेशमा दलितको अधिकारका लागि चर्चा समेत नभएको अवस्थामा प्रदेश नम्बर २ ले ऐन बनाएर दलितको उत्थानको पक्षमा उद्दरता देखाएको बताए ।

पत्रकार भोला पासवानले ऐनमा पूर्ण आरक्षणको व्यवस्था रहेको औल्याए । ऐन कार्यान्वयनमा जोड दिदै पासवानले ऐनमा प्राप्त दलित हक अधिकारको बारे दलित समुदाय जानकार हुनुपर्ने आबश्यकता औलाए ।

कार्यक्रमको औचित्य बारे प्रकाश पार्दै पासवानले ऐन लागू हुना साथ दलित समुदायको अधिकांश समस्या हल हुने दाबी समेत गरे । दलित सरोकार मंच नेपालका अध्यक्ष युक्तिलाल मरिकको अध्यक्षतामा आयोजित कार्यक्रममा शम्भुनाथ नगरपालिकाकी उपप्रमुख कबिता सरदार, रूपनी गाउँपालिकाका उपाध्यक्ष बेचनी देवि सरदार, तिरूहुत गाउँपालिकाका उपाध्यक्ष तिर्थमाया खंगले कानुनले छुवाछूत प्रथाको अन्त्य गरेपनी अझै पनि व्यबहारमा कायम रहेको औल्याए ।

उनीहरूले पदमा रहेपनि दलित भएको कारण आफ्नो अधिकार प्रयोगमा गैर दलितहरूले महत्व नदिदा अपमान महशुस हुने गरेको गुनासो सुनाईन । अग्निसाईर कृष्णासवरन गाउँपालिका स्थित थारू फुडलाईन होटलमा आयोजित अन्तरत्रि्रया कार्यक्रममा प्रथम लाल राम, रंजना कुमारी राम, मुन्नी कुमारी खंग, अर्चना परियार, दुर्गादेवी खंग, बेलि देवि राम देवलाल खंग, मनोज राउत मेहतर, कपेलेश्वर सरदार, रूपलाल बिश्वकर्मा, सियाराम पासवान, डिक बहादुर बिश्वकर्मा, कमानन्द रामले ऐनलाई प्रभावकारी रूपले स्थानीय तहहरूले पनि कार्यान्वयन ल्याउनुपर्ने सुझाव दिए । कार्यक्रमको संचालन सरोकार मंचका कार्यक्रम साहायक अनिता खंगले गरेकी थिइन ।

## नेपाल ...

पहिचानलाई कायम राख्नका लागि सबैभन्दा फरक शैलीका कार्यक्रमहरू ल्याउने बताए । जहाँ कसैको पहुँच हुँदैन त्यहाँ पुगेर स्काउटले विपन्न तथा लक्षित वर्गको हितमा काम गर्ने उनले दाबी गरे ।

जनमानसमा फरक पहिचान बनाएको संस्था केही व्यक्तिको नियत र त्रुटिपूर्ण नीतिका कारण ओझेलमा पर्दै आएको दाबी गर्दै स्काउटका सदस्य यादवले आउने केही दिनभित्र त्यस्ता नीतिहरूमा सुधार ल्याएर विकास विरोधी व्यक्तिलाई पाखा लगाउँदै सबल नीति बनाएर त्यसको प्रभावकारी कार्यान्वयन तर्फ बढ्ने दाबी गरे । सिरहा जिल्लाका महिला र बालबालिकाको अधिकारका लागि फरक शैली अपनाएर स्काउट र बाल संगठनले काम गर्ने उनको दाबी छ । सिरहा जिल्लाको विभिन्न विद्यालयमा अध्ययनरत जेहेन्दार २२ जना छात्र/छात्राहरूलाई शैक्षिक तथा कोरोना संक्रमणबाट बच्ने सामग्री वितरण गरिएको बाल मन्दिर माध्यमिक विद्यालयका प्रधानाध्यापक संजय कुमार यादवले बताए । उनका अनुसार १ थान डायरी, सेनिटाईजर सिस्ट्म भएको डटपेन १ थान लगायतका सामग्री वितरण गरिएका छन् । स्काउटका प्रदेश कमिटि सिरहाका सदस्य तथा बाल संगठनका अध्यक्ष दिनेशको अध्यक्षतामा भएको उक्त कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख रामवृक्ष महतो, उद्योग वाणिज्य संघ सिरहाका अध्यक्ष प्रमोद पौद्दार, नेपाल बाल संगठनका बद्री नारायण यादव, बुधन यादव, अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनका केन्द्रिय सदस्य सुदन कुसियैत लगायतले स्काउटको महत्व र फाईदाबारे आ-आफ्ना मन्तव्य राखे ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# सगरमाथा उमाविमा यसपालि भर्चुअल सरस्वती पूजा, फरक तर विषेश

सिरहा । सिरहाको शैक्षिक हव सहर मानिने मिर्चैयामा अवस्थित सगरमाथा उमाविले यसपालिको सरस्वती पूजा फरक ढंगले मनाउने भएको छ ।

कोरोना महामारीका कारण अस्तव्यस्त बनेको विश्व यतिबेला क्रमशः कोरोना कहरबाट बाहिर आउँदैछ । नेपालसहित विश्वका विभिन्न देशमा कोरोना खोप अभियान सुरू भइसकेको छ ।

तर, पनि जोखिम टरिसकेको भन्न मिल्दैन । जोखिम अझै कायमै रहेकाले सतर्कता आवश्यक छ । यसैलाई मध्यनजर गर्दै सगरमाथा उमाविले फरक तर विशेष ढंगले भर्चुअल सरस्वती पूजा मनाउने भएको हो ।

यसका लागि सगरमाथा उमाविमा सोमबारैदेखि विभिन्न किसिमका प्रतियोगितात्मक क्रियाकलापहरू सुरू भएको छ । यस अन्तर्गत विद्यालयमा विभिन्न किसिमका खेल, संस्कृति जगेर्नात्मक कार्यक्रम तथा प्रतीभा प्रष्टफुटन हुने किसिमका कार्यक्रमहरू हुनेछन् भने माघ ३ गते विहान प्रभातफेरी कार्यक्रम पनि हुनेछ ।

यसमा विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई सहभागी गराइनेछ । यहाँ हुने तमाम त्रियाकलाप विद्यालय व्यवस्थापनले रेकर्ड गरिरहेको छ । र, यो अवधिमा हुने सबै क्रियाकलापको डकुमेन्ट्री जस्तो बनाएर ३ गते बेलुकी ७ बजेदेखि ३ घण्टासम्म फेसबुक र युट्युबमा लाइभ गरिने विद्यालयले जनाएको छ ।

यसबाट विद्यार्थीको प्रतीभा पनि खुल्न आउने र विद्यार्थीको खुवी अभिभावक तथा विद्यालयले पनि पहिचान गर्न पाउने सगरमाथाका उमाविका सञ्चालक प्रदीप तिवारीको विश्वास छ । 'हामीले कस्तो विद्यार्थी उत्पादन गरिरहेका छौं, यो हामीले मात्रै होइन, सबैले हेर्न पाओस् भन्ने ध्येय पनि मेरो हो,' उनले भने, 'विश्व कहरको अवस्थामा यो पृथक पनि भयो र युनिक अनि विशेष पनि ।' निजी विद्यालयहरूको छाता संगठन नेशनल प्याब्सन सिरहाका अध्यक्षसमेत रहेका



उनले अन्य विद्यालयहरूलाई पनि यसरी नै यसपालिको सरस्वती पूजा मनाउन आग्रह गरे । विद्यालयले सरस्वती पूजाको दिन माघ ४ गते समाजिक दुरी पालना गर्दै भौतिक उपस्तिथिमा प्रसाद वितरण कार्यक्रम राखेको छ ।

## भिभो वाई ...

पत्रकार महासंघ सिरहाका सभापति दिनेश्वर प्रसाद गुप्ताको हातबाट केक काटेर लहानमा भिभो वाई १२ एस मोबाइल सार्वजनिक गरेका छन् । यसै बीच भिभो वाई १२ एस मोबाइल लञ्चको अवसरमा आफ्ना ग्राहकहरूको लागि प्रि-बुकिङ्ग योजना ल्याएको पुर्वाञ्चल सेल्स म्यानेजर निमेष घिमिरेले जानकारी दिए । यस योजना अन्तर्गत ग्राहकहरूले प्रि-बुकिङ्गका लागि १ हजार रकमले बुकिङ्ग गर्नुपर्ने हुन्छ । बुकिङ्ग गरेका ग्राहकहरूले फेब्रुरी १४ मा वाई १२ एस मोबाइल प्राप्त गर्न सक्नेछन् भने बुकिङ्ग गर्नेले १ हजार रकम छुट पाउँनेछन् । साथै ती ग्राहक अनलाइनद्वारा लक्की ड्रमा सहभागी पनि हुन पाउँनेछन् । लक्की ड्र मार्फत वाई १२ एस तीन जनाले जित्न सक्नेछन् भने १ सय जनाले २ हजार ५ सय क्यासब्याक पाउनेछन् । साथै ५ सय जनाले एक महिनाको लागि स्त्रिन रिप्लेसमेन्टको वारेन्टी समेत पाउँने सेल्स म्यानेजर घिमिरेले जानकारी दिए । यो मोबाइलको बजार मुल्य १७,९९९ रहेको छ, भने प्रि-बुकिङ्ग मुल्य १६,९९९ राखिएको कम्पनीले जनाएको छ । यसैबीच भिभो वाई १२ एस मोबाइलको लञ्चसंगै लहानमा १ सय १ भन्दा बढी मोबाइको प्रि-बुकिङ्ग गरिएको छ ।

## नेताहरुको ...

खन्याउने त कतै ट्याक्सी जलाउने जस्ता उग्र गतिविधिहरु गराउँदै आफू पजेरोमा सयर गरी बन्द अवलोकन गर्ने बन्द आयोजक नेताहरूको शैलीलाई अन्तर्राष्ट्रिय जगत्ले कसरी मूल्यांकन गरिरहेको होला ? पेटभरि एकछाक पुलाउ र एक हजार रूपैयाँ पाएकामा खुसी व्यक्त गर्दै आन्दोलनमा आउने अबोला आमाहरू, तीन दिनदेखि भोको पेटमा छट्पटिँदै काठमाडौँसम्म नेताको पछि लागेर आउने वा अनि रोजगारी र रोजिरोटीको आशामा नेताको पछि लाग्ने आम युवाहरूको अनुहारमा मुस्कान र मनमा शान्ति ल्याउलान् भन्ने विश्वास गर्ने आधार के छ ? लोकतन्त्रपछिको १४ वर्ष लाजतन्त्रमा परिणत भइसक्दा पनि उही पुरानै अनहारका हजुरबाहरूलाई समर्थन गर्दै हिँड्ने आम युवाहरूलाई अन्धभक्त समर्थक नभनेर के भन्ने ? ६० कटेका वा हजुरबाहरूलाई राजनीतिबाट विश्राम गराउन आम कार्यकर्ताहरु किन सफल भइरहेका छैनन् ? पार्टीभित्र भएका इमानदार र बौद्धिक नेताहरूलाई परिचालन गरेर समाज परिवर्तनको नयाँ विचार निर्माण गर्न किन आँट गर्दैनन् आम युवा कार्यकर्ताहरु ?

आकाशमा मडारिएको कालो बादलझैं मुलुकको अन्धकार भविष्य मडारिँदै गर्दा मनमा अशान्तिको ज्वाला दन्किन्छ तर पैसा, पावर र पदमा आफ्नो मान्छे नहुनेहरु चाहेर पनि नेपालको राजनीतिमा भर्याङ चढ्न सक्दैनन् त्यसैले स्वदेश या विदेशमा प्रशस्त अनुभव बटुलेका कयौं विज्ञ देशको अव्यवस्थित प्रणालीमा हात हाल्ने अवसर नै पाउँदैनन्, आखिर किन ? चाकडी, चाप्लुसी, भनसुन, नातावाद र कृपावाद उस्तै छ अझै पनि । धनी र गरिबबीचको खाडल पुरिनुको बदला झन् गहिरिएको छ । गरिबका झुपडीमा धुवाँ नआएको पीडालाई मौकाको फाइदा उठाउँदै सडक आन्दोलनमा उतारेर आखिर कहिले आउँछ समृद्धि ? बेरोजगारीको पीडामा छट्पटिँदै रोजगारी र रोजिरोटीको आशासँगै नेताको पछि लाग्न विवश यी आम युवाहरूको समस्यालाई के यो सडकमा देखिएको भिडले सम्बोधन गर्न सक्छ ? कुनै पार्टीको झण्डा नबोक्ने र नेताको पछि नलाग्ने युवाहरु जतिसुकै पढेलेखेको दक्ष भए पनि किन परदेश पलायन हुन बाध्य छन् ? देशमा अन्धकार भविष्य देखेर उच्चशिक्षाका लागि विकसित मुलुकहरूमा जाने आम नेताका छोराछोरीहरु किन सडक आन्दोलनमा आउँदैनन् ? नेताहरु आफ्ना छोराछोरीलाई विदेशमा कहलिएको युनिभर्सिटीमा पढ्न, सुखसुविधा भोगचयन गर्न पठाएर आम सर्वसाधारणका छोराछोरीहरूलाई सडक आन्दोलन, राके जुलुस, बन्द हड्ताल र विरोध प्रदर्शनमा किन आकर्षित गर्छन् ? हाम्रा कति नेताका छोराछोरीहरु देश-विकास र बन्द हड्तालमा खटिएका छन्, त्यसको मूल्यांकन आम युवाहरूले किन गरिरहेका छैनन् ? यी यावत् प्रश्नहरूको अनुत्तरित जवाफसँगै परदेशबाट घरदेश नियाल्दा, कोरोना कहरभित्रको सडक आन्दोलन र बन्द हड्तालको कुनै अर्थ र देशलाई कुनै केन्द्रबिन्दुमा पुर्याउने लक्ष देखिँदैन । बरु कुन नेताको पछि लाग्ने, कुन पार्टीको झण्डा बोक्ने भनेर अलमलमा परेका जनतालाई दुःख नदिई घरघरमा सुरक्षित राखेर संविधानको रक्षार्थ सम्पूर्ण साना-ठूला पार्टीका नेताहरु नै कानुनी लडाइँमा एकजुट भइदिए शान्तिको स्वच्छ श्वास फेर्ने वातावरण हुन्थ्यो होला ? हिजो भर्खरै जन्मेको यहुदी राष्ट्र इजरायल, दोस्रो विश्वयुद्धले थला परेको युरोप अनि एटम बमबाट ग्रस्त जापान बन्द-हड्ताल र सडक आन्दोलनले माथि उठेको होइन भन्ने हाम्रा नेता तथा कार्यकर्ताहरूले किन बुझ्दैनन् ?

अन्त्यमा, नेताज्यूहरु, बन्द नै गर्नुछ भने भ्रष्टाचार बन्द गरौँ, सिमाना मिच्याई बन्द गरौँ, आयातित संस्कार र संस्कृति बन्द गरौँ । गरिब निमुखाहरूमाथि हुने गरेका अन्याय, अत्याचार, शोषण र दमन बन्द गरौँ । जोखिमपूर्ण वैदेशिक रोजगारी बन्द गरौँ । नेपालको मौलिक धर्ममाथिको प्रहार बन्द गरौँ । युवाहरूको परदेश पलायन हुने सोच बन्द गरौँ । तर, नेपाल सधैँ खुला गरौँ ।

*साभार : इकागजबाट*


## विमा लेख हराएको सूचना

**मिति २०७७।०१।१२ गते मेरो निम्न व्यहोरा भएको NLIC नेपालबाट जारि भएको बिमा लेख सिरहा देखि लहान आउने क्रममा हराएको हुनाले भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।**

**नाम : राजेश कुमार साह**

**पोलिसी नं . 203046528**

**मोबाइल : 9814746236**

**सम्पर्क स्थान : प्रधान फर्मा, लहान अस्पताल चौक**

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)